## चुप लागेर बस्न पाउने अधिकार

थुनामा परेका प्रत्येक व्यक्तिलाई चुप लागेर बस्न पाउने अधिकार हुन्छ अर्थात आफु विरुद्ध साक्षी हुन बाध्य पार्न मिल्दैन । प्रहरीले वा मुद्दा हेर्ने अधिकारी कसैले पनि केही कुरा सोध्दा त्यसको जवाफ नदिइ चुप लागेर बस्न पाउन अधिकार प्रत्येक थुनुवाको रहन्छ ।

(संविधानको धारा २०(७))

- कानुन अनुसार चुप लाग्ने अधिकार प्रयोग गरि बसेको व्यक्तिलाई अपराध स्विकार गरेको भनि मानिदैन ।

  (चन्द्र बहादुर नेपाली विरुद्ध नेपाल सरकार, २०४७ सालको रीट नं. ११६९, आदेश मितिः २०५०।३।२४ गते, सर्वोच्च अदालत)

- यो अधिकारको प्रयोग अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष समेत गर्न सकिन्छ ।

  (निलम पौडेल विरुद्ध मन्त्रि परिषदको कार्यालय समेत । ने.का.प. २०६७ नि.नं. ८४७३ अंक १० पृ. १६४१)

### नावालकको विशेष अधिकार

- हतकडी लगाउन पाईदैन ।
- वयष्क थुनुवासंग राख्न पाईदैन
- कानून व्यवसायी विना मुद्दाको कारवाई र किनारा हुनै सक्दैन ।

## थुनुवाले पाउने उपचारहरु:-

पक्राउ गरेको २४ घण्टा भित्र (बाटोको म्याद बाहेक) मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइएन भने त्यस्तो थुना गैर कानूनी हुन जान्छ र गैर कानुनी थुनाको विरुद्धमा वन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्न सकिन्छ । वन्दीप्रत्यक्षीकरणको रिट निवेदन थुनुवा स्वयमले वा थुनुवाको हकमा जो सुकैले पनि जिल्ला अदालत वा उच्च अदालत वा सर्वोच्च अदालत मध्ये कुनै एक अदालतमा दायर गर्न सकिन्छ ।

प्रहरी हिरासतमा रहँदाको बखत मानवोचित व्यवहार नगरेको वा आफन्तसँग वा कानून व्यवसायीसँग भेटघाट गर्न नदिएको अवस्थामा त्यसका विरुद्धमा महान्यायाधिवक्ता समक्ष वा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता समक्ष उजूर गर्न पाउछ ।

प्रहरी हिरासतमा रहँदाको बखत कुनै प्रकारले यातना दिइएको रहेछ भने यातना पाएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिन भित्र यातना दिनेका विरुद्धमा जिल्ला अदालत समक्ष मुद्दा दायर गर्न सकिन्छ । यस्तो मुद्दामा अदालतले अवस्था हेरी एकलाख रुपैयाँ सम्म क्षतिपूर्ति भराई दिने तथा यातना दिनेलाई जरीवाना हुने कानुनी व्यवस्था छ ।

## PDS-Nepal संक्षिप्त जानकारी

सार्वजनिक प्रतिरक्षक समाज नेपाल (PDS-Nepal) फौजदारी अभियोग लागेका गरिब, असहाय अभियुक्त वा प्रतिवादीहरुलाई नि:शुल्क र गुणस्तरिय कानूनी सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापना गरिएको एक राष्ट्रिय गैर नाफामुलक, गैर सरकारी सामाजिक संस्था हो । PDS-Nepal दी इन्टरनेशनल लिगल फाउन्डेसन नेपाल (ILF-Nepal) को परिस्कृत रुप हो जसले ILF-Nepal कै उद्देश्य, निति तथा कार्यक्रमहरुका साथ नेपालमा थुनुवा तथा बन्दीहरुको हकमा आफ्ना कार्यक्रमहरु संचालन गर्दछ ।

### PDS-Nepal को नि: शुल्क कानूनी सहायताको लागि सम्पर्क नं०

**काठमाण्डौ :** ०१-४२२३५४५
वा फोन गर्दा रकम नलाग्ने नं० १६६००१६५००० (NTC बाट)
**विराटनगर :** ९८५२०३१३८३ र ९८५२०२७४४१
**जनकपुर :** ०४१-५२७८५०
**विरगंज :** ९८४९४९९०७२
**हेटौडा :** ०५७-५२६९९७
**भैरहवा :** ०७१-५२४८६०
**नेपालगंज :** ०८१-५२८२८२
**महेन्द्रनगर (कंचनपुर):** ०९९-५२०६०६

पक्राउ तथा थुना

# प्रहरी र थुनुवा

# थुनुवाको अधिकारको जानकारी

Public Defender Society of Nepal
सार्वजनिक प्रतिरक्षक समाज नेपाल
Defending the poor, ensuring justice
गरीबलाई प्रतिरक्षा, न्यायमा सुनिश्चितता

संविधान र कानूनले प्रत्येक नागरिकलाई विभिन्न प्रकारका अधिकारहरु प्रदान गरेको छ । र कुनै पनि कारणले पक्राउमा परेका व्यक्तिलाई समेत केही खाश अधिकारहरु प्रदान गरेको छ । त्यस कारण के कस्तो अवस्थामा पक्राउमा पर्न सकिन्छ र पक्राउ पर्दा पनि पक्राउमा परेका व्यक्तिले के कस्ता अधिकारहरु प्राप्त गरेका हुन्छन भन्ने बारेमा जानकारी राख्नु महत्वपूर्ण छ ।

## के प्रहरीले विना वारेन्ट पक्राउ गर्न सक्छ?

सामान्यतया प्रहरीले कसैलाई पक्राउ गर्न पुर्व सम्बन्धित अधिकारीबाट वारेन्ट जारी गरेर मात्र पक्राउ गर्नु पर्ने हुन्छ । तर केही खास अवस्थामा प्रहरीले विना वारेन्ट पनि पक्राउ गर्न सक्ने अधिकार हाम्रो प्रचलित कानूनले प्रहरीलाई दिएको छ ।

नेपाल प्रहरी ऐन, २०१२ को दफा १७

## कस्तो अवस्थमा विना वारेन्ट पक्राउ गर्न सकिन्छ ?

प्रहरी कर्मचारीले विना वारेन्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई पक्राउ गर्न सक्छ :-

- कानूनले ३ वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,
- फरार घोषित गरिएको पक्रिनु पर्ने व्यक्ति,
- कर्फ्यू लागेको समयमा शंकाजनक अवस्थामा हिडडुल गरी रहेका व्यक्ति,
- मनासिब कारण नभै रातमा हात हतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति,
- कानुन अनुसार थुनिएका ठाउँबाट भागेका वा भाग्न उद्योग गर्ने व्यक्ति,
- नेपाल सेना वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिब शंका परेका व्यक्ति ।

## पक्राउ र थुना (अधिकार र उपचार)

**पक्राउमा परेका व्यक्तिलाई निम्न अधिकारहरु प्राप्त छ :-**

- पक्राउ गर्नुको कारण र त्यसको सूचना प्राप्त गर्ने ।

  (संविधानको धारा २०(१))
- अनुसन्धानको लागि बाटोको म्याद बाहेक २४ घण्टा भन्दा बढी थुनामा नराखिने ।

  (संविधानको धारा २०(३) र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५)
- २४ घण्टा भित्र अनुसन्धान हुन नसके, मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधि भन्दा बढि थुनामा नराखिने ।

  (संविधानको धारा २०(३) र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५)
- पक्राउ परेका व्यक्तिलाई थुन्ने निकायबाट नै खानापिनको व्यवस्था गरिने । त्यसका लागि आफूले रकम तिर्नु नपर्ने ।

  (मुलुकी ऐन बेरीतसँग थुन्दाको महलको १ नं०)
- पक्राउ परेकै समयदेखि आफूले रोजेको कानून व्यवसायी (वकिल) सँग गोप्यरुपमा परामर्श र सरसल्लाह गर्न पाउने ।

  (संविधानको धारा २०(२))
- थुनामा रहँदा कसैले पनि यातना दिन, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाउने ।

  (संविधानको धारा २२)
- आफु विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने ।

  (संविधानको धारा २०(८))

## स्वास्थ्य जाँचको लागि आवेदन गर्न पाउने अधिकार

पक्राउमा परेका व्यक्तिलाई निम्न अवस्थामा स्वास्थ्य जाँच गराई पाउने अधिकार हुन्छ :-

- पक्राउ परेका सबै व्यक्तिलाई पक्राउ पर्ने बित्तिकै शारीरिक तथा मानसिक स्थितिको जाँच प्रहरीले अनिवार्य रुपमा गराउनु पर्दछ ।

  (यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐनको दफा ३)
- प्रहरी हिरासतमा रहेको अवस्थामा यदि शारीरिक वा मानसिक यातना दिइयो भने त्यस्को विरुद्धमा म्याद थपका लागि मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउँदा आफ्नो स्वास्थ्य जाँचको लागि निवेदन गर्न पाउने अधिकार हुन्छ ।

  (सरकारी मुद्दा सम्बन्धी ऐनको दफा १५ (३))

## कानूनी सहायता पाउने अधिकार

पक्राउ परेका व्यक्तिलाई पक्राउ परेकै समयदेखि कानून व्यवसायी नियुक्त गर्ने तथा कानून व्यवसायी मार्फत प्रतिरक्षा गर्न पाउने अधिकार हुन्छ । यदि आफूले आफ्नो प्रतिरक्षाको लागि कानून व्यवसायी नियुक्त गर्न असमर्थ रहेमा पक्राउ गरेकै निकायबाट नि:शुल्क रुपमा कानून व्यवसायी उपलब्ध गराइ पाउने अधिकार रहन्छ ।

(संविधानको धारा २०(१) र (१०))